नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ७१ २०८१ साल असोज २३ गते बुधबार (9 Oct. 2024 Wednesday) मूल्य रु. ५/-




**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा अकुपञ्चरको अवस्था.. ३ पृष्ठमा : आउँदो तीन महिनाको हावापानी ... ३ पृष्ठमा'निश्चय नै' मैले मेरो ग्लक

## अन्य व्यक्तिसँगै राजविराज कारागारको जग्गा सेवानिवृत कर्मचारीबाट पनि अतिक्रमण गरिएको खुलासा




**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

राणाकालमै २००८ सालमा निर्माण भएको राजविराज कारागार सरकारी उपेक्षाका कारण जीर्ण, लथालिङ र असुरक्षित बन्दै गएको छ । कारागारको जग्गा अन्य व्यक्तिसँगै त्यही कार्यरत सेवानिबृत कर्मचारीबाट पनि अतिक्रमण गरिएको खुलासा भएको छ ।

मुलुककै पुराना कारागार मध्येका एक राजविराजस्थित कारागार अहिले विभिन्न समस्याले ग्रसित भइरहेको बेला सेवानिबृत कर्मचारीबाटै जग्गा अतिक्रमण भएको खुलासा भएको हो ।

कुल २ बिगहा १३ धुर क्षेत्रफल रहेको कारागारको १ बिगहा जग्गा अतिक्रमणको चपेटमा परेको छ । जग्गा अतिक्रमण गर्नेमा स्थानीयवासीसँगै राजविराज कारागारबाट सेवानिबृत चार जना कर्मचारी समेत रहेको कारागार प्रशासनले जनाएको छ ।

कारागार श्रोतका अनुसार सेवानिबृत कर्मचारीहरु मध्ये एक जना खरदार, एक जना सुरक्षागार्ड र दुई जना चौकिदार समेतले कारागारको जग्गा अतिक्रमण गरेर घर टहरा बनाएका छन् ।

जेलर प्रविण कुमार अधिकारीका अनुसार कारागारको अतिक्रमित जग्गामा पक्की र फुसका गरि करिब ८० वटा घर निर्माण भइसकेको छ । अतिक्रमित जग्गा खाली गराउन राजबिराज नगरपालिका, कारागार विभाग र स्थानीय प्रशासनले बिगत १० बर्षमा "अतिक्रमित जग्गा खाली गर्ने" सम्बन्धी ३५ र १५ दिने सूचना चार दर्जन भन्दा बढी पटक जारि गरेपनी सूचना कार्यान्वयनमा ल्याउन नसकिएको उनको भनाई छ ।

यता एक सय २५ जनाको क्षमता भएको सो कारागारमा हाल १४ महिलासहित ४ सय ७६ कैदीबन्दी राखिएको जेलर प्रविण कुमार अधिकारीले जानकारी दिएका छन् । एकातिर जीर्ण भवन अर्कोतिर क्षमता भन्दा चौब्बर बढी कैदीबन्दी राख्नु पर्दा जोखिमसँगै निगरानी र व्यवस्थापन गर्न पनि समस्या भएको उनको भनाई छ ।

पुरानो, जिर्ण र साँघुरो कारागारमा १ सय २५ जनाको क्षमता रहेकोमा चौब्बर कैदीबन्दी कोच्चिएर राखिएका छन् भने अर्कोतिर अतिक्रमण, दरबन्दी अनुसारको स्वास्थ्यकर्मी, जेनरेटर, इन्भटर लगायत भौतिक सरसामान समेतको अभाब कारण समस्या भएको कारागार

*बाँकी तीन पृष्ठमा*

## भगवती मन्दिरलाई दान पेटिका र डस्टबिन प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

राजविराजस्थित श्री चण्डी दुर्गा भगवती मन्दिर समितिलाई एक सहकारी संस्थाले दान पेटिका तथा फोहर व्यवस्थापनका लागि डस्टबिन प्रदान गरेको छ ।

नेपाल सहकारी संस्था लिमिटेडले मंगलबार मन्दिर प्राङणमै एक कार्यक्रमबीच उक्त सामाग्रि मन्दिर समितिलाई प्रदान गरेको हो ।

मन्दिर समितिलाई उपलब्ध गराइएको सामाग्रिहरुमा दुई थान स्टिलको दान पेटिका र दुई थान डस्टबिन छन् ।

नेपाल सहकारीका अध्यक्ष शत्रुहन प्रसाद गुप्ताले उक्त सामाग्रि मन्दिर समितिका संयोजक रामानन्द देव र वडा अध्यक्ष शुभाषचन्द्र यादवलाई हस्तान्तरण गरेका थिए ।

चाडपर्वको बेला श्रद्धालु भक्तजनबाट प्राप्त हुने दान दक्षिणा तथा मन्दिर परिसरमा हुने फोहर व्यवस्थापनका लागि संस्थाले सामाजिक उत्तरदायि अन्तरगत संस्थाबाट सानो सहयोग गरिएको अध्यक्ष गुप्ताले बताए ।

सो अवसरमा संस्थाका व्यवस्थापक शंकर प्रसाद साह, संस्थाका कर्मचारी, मन्दिर पुजा समितिका पदाधिकारी तथा अन्य व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

## सबल नेपालद्धारा बाढी प्रभावित समुदायलाई हाईजिन किटसहित विभिन्न सहयोग प्रदान गरिदै



**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

पछिल्लो साता परेको अबिरल वर्षाका कारण आएको बाढी प्रभावित क्षेत्रहरुमा युनिसेफ नेपालको सहयोगमा सबल नेपालद्धारा संचालित बाढी पुर्वानुमान तथा बाढी प्रतिकार्य कार्यक्रम अर्न्तगत बाढी प्रभावित समुदायका लागि बिभिन्न प्रकारको सहयोगहरु गरिएको छ ।

सप्तरीको सप्तकोशि नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालनी नगरपालिका तथा तिलाठि कोईलाडि गाँउपालिकामा परियोजना अर्न्तगत चार वटा

*बाँकी तीन पृष्ठमा*

## प्रहरीद्वारा विद्यार्थीलाई लागु औषध बिरुद्ध प्रशिक्षण



**दैनिक समाचारदाता**
**राजविराज, २२ असोज ।**

लागु औषधको प्रयोग तथा यसमा फसेका युवाहरुलाई कुलतबाट जोगाउने उद्देश्यले प्रहरीले विद्यालयहरुमा लागुऔषध बिरुद्ध प्रशिक्षण दिएको छ ।

लागु औषधको प्रकार, प्रभाव, कानुनी व्यवस्था र लागु औषध प्रयोगबाट बच्ने उपायबारे प्रशिक्षण कार्यक्रम संचालन गरेको हो ।

मंगलबार राजबिराजस्थित ह्यापील्याण्ड बोर्डिङ स्कुलमा कक्षा संचालन गरि विद्यार्थीहरुलाई प्रशिक्षण प्रदान गरिएको छ ।

सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तरगत जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयको संयुक्त आयोजनामा उक्त प्रशिक्षण कार्यक्रम गरिएको छ । कक्षा ९ र १० का विद्यार्थीहरुलाई सहभागि गराई गरिएको प्रशिक्षण कार्यक्रममा प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले लागु औषधको परिचय, प्रकार, लक्षण, यसबाट बच्ने उापय र लागु औषधी सम्बन्धी कानुनी व्यवस्था बारे प्रशिक्षण दिएका थिए ।

सो अवसरमा उनले पछिल्लो

*बाँकी तीन पृष्ठमा*

**हार्दिक मंगलमय शुभकामना**



विजयादशमी २०८१ को पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु, शान्ति तथा
अमनचयनको कामना गर्दै सम्पूर्ण
गाउँपालिकावासी तथा
कर्मचारीहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।



**ओमप्रकाश मण्डल**
अध्यक्ष
**राजगढ गाउँ कार्यपालिकाको कार्यालय**
**नर्हो, सप्तरी**

# नेपालमा अकुपञ्चरको अवस्था: सम्भावना र चुनौतीहरू

**डा नरेन्द्र लामिछाने**

काठमाडौँ, २२ असोज (रासस)।

नेपालमा परम्परागत चिकित्सा प्रणालीको लामो इतिहास छ, जसमा आयुर्वेद, युनानी, होमियोप्याथी, सोवारिग्पा र अन्य प्राकृतिक उपचार विधिहरूले विशेष स्थान ओगटेका छन्। यी उपचार पद्धतिहरूलाई धेरै शताब्दीयौँदेखि अपनाउँदै आइएको छ र तिनले स्वास्थ्य समस्याहरूको उपचारमा महत्वपूर्ण भूमिका खेलेका छन्। आयुर्वेदको विकास त नेपालको सांस्कृतिक र भौगोलिक विविधतामा आधारित जडीबुटीहरूको प्रयोगमा गरिएको छ, जसले धेरै परम्परागत औषधिहरू निर्माण गर्न सहयोग पुऱ्याएको छ।

युनानी चिकित्सा पनि प्राचीन समयमा मुस्लिम समुदायमार्फत नेपालमा प्रवेश गरेको थियो र विभिन्न स्वास्थ्य समस्याहरूको समाधानका लागि लोकप्रिय रह्यो। तर, पछिल्लो समय नेपालमा आधुनिक चिकित्सा प्रणालीको प्रभाव बढ्दो छ। यसले गर्दा परम्परागत चिकित्सा पद्धतिहरूमा पनि परिवर्तन आवश्यक रहेको छ। पछिल्लो केही बर्षमा अकुपञ्चर चिकित्सा विधिको लोकप्रियता बढ्दो छ। यस पद्धतिको प्रयोग विशेषगरी सहरी क्षेत्रहरूमा बढी देखिएको छ, जहाँ आधुनिक चिकित्सा प्रणालीका साथै बैकल्पिक चिकित्सा विधि फिजियोथेरापी, मालिस जस्तैको खोजी हुने गर्दछ। स्वास्थ्य क्षेत्रमा नवीन दृष्टिकोण अपनाउँदै, केही नेपाली चिकित्सक र स्वास्थ्यकर्मीले अकुपञ्चरको उपयोगिता र प्रभावकारितामा गहन अध्ययन गर्न थालेका छन्। अकुपञ्चरले बिना औषधि दुखाइको उपचार गर्न सक्ने भएकाले, यसले लामो समयसम्म औषधि सेवन गर्दा उत्पन्न हुने नकारात्मक प्रभावहरूबाट जोगाउन सक्ने मान्यता छ।

झन्डै दुई हजार वर्ष पुरानो उपचार विधि हो अकुपञ्चर। यसमा शरीरका विभिन्न 'मेरिडियन' भनिने ऊर्जा च्यानलहरूमा सुईहरूको प्रयोग गरी स्वास्थ्य समस्याहरूको उपचार गरिन्छ। चिनियाँ चिकित्सा सिद्धान्तअनुसार जब शरीरमा 'चि' भनिने ऊर्जा प्रवाहमा असन्तुलन हुन्छ, तब विभिन्न रोग र स्वास्थ्य समस्या उत्पन्न हुन्छन्। अकुपञ्चरले यी च्यानलहरूमा सुई राखेर असन्तुलनलाई सुधार्न र शरीरको प्राकृतिक उपचार क्षमतालाई मजबुत बनाउन मद्दत गर्दछ।

यो विधिले नसासम्बन्धी रोग, शारीरिक दुखाइ, तनाव, पाचन समस्या, निन्द्रा समस्या, माइग्रेन, थाइराइड, हर्मोनल असन्तुलन, मोटोपन, अनुहारसम्बन्धी रोग, र अन्य रोगमा सकारात्मक प्रभाव पारेको छ। विशेषगरी, तनाव र दुखाइ व्यवस्थापनमा अकुपञ्चरले उल्लेखनीय नतिजा देखाएको छ, जसले गर्दा यो चिकित्सा पद्धति पछिल्ला वर्षहरूमा विश्वभर लोकप्रिय हुँदै गएको छ। अकुपञ्चरले बिना औषधि नै शरीरका प्राकृतिक उपचार प्रक्रियाहरूलाई सक्रिय बनाउँछ। यसले गर्दा प्रयोग गर्ने मानिसहरूमा दीर्घकालीन औषधिको आवश्यकतालाई घटाउने सम्भावना हुन्छ।

विश्व स्वास्थ्य सङ्गठनले अकुपञ्चरको महत्वलाई औँल्याउँदै १०० भन्दा बढी रोगको उपचारमा यस पद्धतिको प्रभावकारिता प्रमाणित गरेको छ। सङ्गठनको मान्यता र अनुसन्धानले गर्दा विश्वभरका मुलुकहरूमा यस पद्धतिलाई व्यापक रूपमा बैकल्पिक चिकित्सा विधि भनेर अभ्यास गरिन थालिएको छ। चीन अकुपञ्चरको उद्गमस्थल हो र यहाँ सबैभन्दा व्यापक रूपमा प्रयोग गरिन्छ। जापानमा 'हरिगेट्सु' विधिबाट फरक तरिकाले अकुपञ्चर गरिन्छ, जबकि दक्षिण कोरियामा परम्परागत र आधुनिक चिकित्सा पद्धतिको मिश्रणमा यसको लोकप्रियता बढ्दै गएको छ।

यसैगरी, संयुक्त राज्य अमेरिकामा दुखाइ र तनाव व्यवस्थापनमा यसको प्रयोग बढिरहेको छ र क्यानडामा यसलाई स्वास्थ्य बीमामा समेत समावेश गरिएको छ। अष्ट्रेलियामा यो विशेषगरी दीर्घकालीन रोग र दुखाइ उपचारमा लोकप्रिय छ। जर्मनीमा अकुपञ्चरलाई बीमा कभरेजसहित आधुनिक चिकित्सा पद्धतिमा समावेश गरिएको छभने ब्रिटेनमा राष्ट्रिय स्वास्थ्य सेवाले यसलाई वैकल्पिक उपचार विधिका रूपमा मान्यता दिएको छ।

फ्रान्समा अकुपञ्चरलाई औपचारिक चिकित्सा विधिका रूपमा मान्यता प्राप्त छ, र स्विडेनमा तनाव व्यवस्थापन तथा दीर्घकालीन रोगहरूको उपचारमा यसको व्यापक प्रयोग गरिन्छ। भारतमा पनि अकुपञ्चरको प्रयोग वैकल्पिक चिकित्सा विधिका रूपमा बढ्दो छ र नेपालमा पछिल्ला बर्षहरूमा यो विधि सहरी र ग्रामीण दुवै क्षेत्रमा लोकप्रिय हुँदै गइरहेको छ।

त्यस्तै छिमेकी मुलुक मलेसिया, थाइल्यान्ड, भेतनाम, सिङ्गापुरजस्ता देशमा अझै अकुपञ्चरको लोकप्रियता लोभलाग्दो छ। साथै, वैज्ञानिक र चिकित्सा अनुसन्धानहरूले अकुपञ्चरको प्रभावकारिता र यथार्थतामा गहिरो अनुसन्धान गर्न थालिसकेका छन्। विभिन्न बिश्वप्रख्यात जर्नल जस्तै ल्यान्सेट, नेचर, शेलमा अकुपञ्चरसम्बन्धी अनुसन्धान प्रकाशित भएको पाइन्छ। यो विधि स्वास्थ्य समस्याहरूको उपचारमा मात्र सीमित नरहेर, रोगहरूको रोकथाम र समग्र स्वास्थ्यमा सुधार ल्याउन पनि उपयोगी साबित भएको छ। यसको उपयोगबाट मानिसहरूले शारीरिक, मानसिक र भावनात्मक स्वास्थ्यमा सुधारको अनुभव गर्दछन्।

नेपालमा अकुपञ्चर पद्धतिको प्रयोगको इतिहास लामो नभए पनि पछिल्ला दुई-तीन दशकमा यसको लोकप्रियता उल्लेखनीय रूपमा बढेको छ। यो चिकित्सा विधि चीनसँगको सांस्कृतिक, शैक्षिक, र स्वास्थ्य सम्बन्धको परिणामस्वरूप नेपालमा प्रवेश गरेको मानिन्छ। अझै भैगोलिक विकासको रूपमा मुख्य गरेर अरनिको राजमार्ग बन्ने समयमा नेपालमा भित्रिएको दस्तावेज पाइन्छ। सन् १९८० को दशकमा वीर हस्पिटलमा अकुपञ्चरको शाखा नै खुलेर १७ वर्ष चलेको इतिहास छ। प्रारम्भमा सीमित स्थानहरूमा मात्र अकुपञ्चर सेवा उपलब्ध भए पनि अहिले यो सेवा नेपालका प्रमुख सहरहरूमा सहज रूपमा पाइन्छ। अझै सबैभन्दा पुरानो र ठूलो वैकल्पिक चिकित्सालय नरदेवी चिकित्सालयमा यसको उपयोगिता व्यापक रूपमा छ। पछिल्लो समय धेरै स्वास्थ्य संस्था, अस्पताल, र व्यक्तिगत क्लिनिकहरूले अकुपञ्चरलाई उपचारको एक विकल्पका रूपमा समावेश गरेका छन्। न्युरोसम्बन्धी नेपालको प्रमुख हस्पिटल अन्नपूर्ण न्युरोमा आइसियुदेखि नै अकुपञ्चर प्रयोग गरिन्छ भन्दा नौलो पनि लाग्न सक्दछ।

नेपालमा अकुपञ्चरको विस्तारलाई चिकित्सा पर्यटनसँग पनि जोडेर हेर्न सकिन्छ। सन् २००० को दशकदेखि नेपालमा आउने विदेशी पर्यटकलाई लक्षित गर्दै अकुपञ्चर सेवा प्रदान गर्न थालिएको थियो। नेपालको प्राकृतिक सौन्दर्य, हिमाली बातावरण, र योग तथा ध्यानको प्राचीन परम्पराले गर्दा नेपाल शारीरिक र मानसिक उपचारका लागि आकर्षक गन्तव्य बनिरहेको छ। पर्यावरणीय शान्ति र आध्यात्मिकता खोज्ने पर्यटकहरूले अकुपञ्चरलाई आफ्नो शारीरिक र मानसिक स्वास्थ्य सुधारका लागि उत्कृष्ट विकल्पका रूपमा देख्न थालेका छन्। अकुपञ्चरलाई ध्यान, योग, र प्राकृतिक उपचार विधिहरूसँग एकीकृत गरेर थेरापी दिन थालेपछि यसको प्रभावकारिता र लोकप्रियता झन् बढ्दै गएको छ। एकजना ब्राजिल पर्यटकले परम्परागत भारतीय चिकित्सा आयुर्वेद र चिनियाँ चिकित्साको एकैचोटि अनुभव लिनको लागि नेपाल आएको सुन्दा त पर्यटन क्षेत्रमा अकुपञ्चरको अझै विकास हुन धेरै बाँकी रहेको भान हुन्छ।

नेपालमा अकुपञ्चरले विभिन्न स्वास्थ्य समस्यामा राम्रो परिणाम दिएको छ। विशेषगरी, ग्रामीण र सहरी दुवै क्षेत्रमा यसको पहुँचले गर्दा धेरै नेपाली जनतालाई प्राकृतिक उपचार पद्धतिहरूमा पुनः आकर्षित गरेको छ। चीनमा अध्ययन गरेर फर्किएका नेपाली चिकित्सकहरूले अकुपञ्चरलाई नेपाली स्वास्थ्य प्रणालीमा समावेश गर्न महत्वपूर्ण भूमिका खेलेका छन् तर हालसम्म सरकारी तवरबाट धेरै चासोको विषय नबनेको देखिन्छ।

अकुपञ्चरको प्रभावकारिता विभिन्न प्रकारका स्वास्थ्य समस्याहरूको उपचारमा प्रमाणित भइसकेको छ। अनुसन्धानहरूले देखाएको छ कि अकुपञ्चरले विशेषगरी दुखाइ व्यवस्थापन, तनाव र मानसिक स्वास्थ्य समस्याहरू, निद्राको समस्या, पाचनसम्बन्धी विकारहरू, र प्रजनन स्वास्थ्यमा सकारात्मक असर पार्न सक्छ। दुखाइ व्यवस्थापनमा, अकुपञ्चरले शरीरमा प्राकृतिक पीडा निवारण गर्ने एन्डोरफिन्सको उत्पादनलाई प्रवर्द्धन गर्दछ। मांसपेशी र स्नायुहरूको रक्त प्रवाह सुधार गरेर यसले लामो समयदेखिको पुरानो दुखाइ, खासगरी घुँडा, डाढ-कम्मरको दुखाइ र माइग्रेनको उपचारमा सहयोग पुऱ्याउँछ।

त्यस्तै, मानसिक स्वास्थ्य समस्याहरूमा अकुपञ्चरले तनाव र चिन्ता घटाउन मद्दत गर्दछ, जसले निद्राको गुणस्तरलाई सुधार्न प्रभावकारी देखिन्छ। त्यसैगरी, प्रजनन स्वास्थ्य सुधार गर्न र महिलाहरूमा मासिक धर्मसम्बन्धी समस्यालाई व्यवस्थापन गर्न पनि अकुपञ्चर प्रभावकारी छ। विशेषगरी बच्चा जन्माउन चाहने महिलामा यसको प्रयोग बढ्दो छ। यसको प्रभावकारिता प्रमाणित भएपछि यो पश्चिमी देशहरूमा पनि लोकप्रिय बनेको छ र पारम्परिक औषधिको कुनै असरविना दीर्घकालीन समस्याहरूको समाधान दिन सक्छ भन्ने विश्वासले यसको लोकप्रियता अझै बढ्दै गएको छ।

साथै, प्रसिद्ध व्यक्तिहरूले अकुपञ्चरको प्रयोग गरेपछि आफ्नो अनुभव व्यक्त गर्न थालेपछि यसको विश्वसनीयता र पहुँच पनि बढेको छ। विभिन्न अस्पताल र स्वास्थ्य केन्द्रहरूले अकुपञ्चर सेवा उपलब्ध गराउन थालेपछि यो सहज रूपमा पहुँचयोग्य बनेको छ, जसले यसको लोकप्रियतालाई थप बल प्रदान गरेको छ।

नेपालमा अकुपञ्चर सेवाको विकाससँगै औपचारिक शिक्षा र प्रशिक्षणमा देखापरेका प्रमुख समस्यामध्ये एक भनेको देशभित्र अकुपञ्चर शिक्षाका लागि कुनै विशेष कलेज वा विश्वविद्यालयको अभाव हो। विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा दिनका लागि आवश्यक पूर्वाधार र पाठ्यक्रम विकास नहुनु ठूलो चुनौती बनेको छ। अकुपञ्चर अभ्यासका लागि औपचारिक शिक्षाको मान्यता नहुनाका कारण धेरै नेपाली विद्यार्थीहरूले चीन, दक्षिण कोरिया र जापानजस्ता मुलुकहरूमा गएर अध्ययन गर्नुपरेको छ, जसले आर्थिक र सांस्कृतिक चुनौती थप्दछ।

विदेशमा शिक्षा प्राप्त गरेर फर्किएका विशेषज्ञहरूको प्रमाणीकरण प्रक्रिया भने अझै अस्पष्ट र जटिल रहेको छ। विदेशमा अध्ययन गरेका डाक्टरहरूले नेपालमा दर्ता गराउन र लाइसेन्स प्राप्त गर्न लामो समयसम्म प्रक्रियामा अड्किनुपर्ने हुन्छ। प्रमाणीकरणका क्रममा उनीहरूको योग्यता र दक्षतालाई ठोस रूपमा मूल्याङ्कन गर्ने प्रक्रिया स्पष्ट नभएकाले यो क्षेत्र व्यवस्थित हुन सकेको छैन। यसले अकुपञ्चर अभ्यास गर्ने योग्यतावान चिकित्सकहरूको प्रभावकारी सेवा प्रदान गर्नमा अवरोध खडा गरेको छ।

यहाँको स्वास्थ्य मन्त्रालय र सम्बन्धित निकायहरूले अकुपञ्चरलाई व्यवस्थित गर्नका लागि ठोस मापदण्ड निर्माण गर्न आवश्यकता छ। विदेशमा अध्ययन गरेर फर्किएका डाक्टरहरूको योग्यता र अनुभवलाई मान्यता दिने सरल, छिटो र विश्वसनीय प्रक्रिया विकास गर्नु जरुरी देखिन्छ। यसले नीतिगत स्पष्टता ल्याएर अकुपञ्चरको गुणस्तरीय अभ्यासलाई प्रोत्साहन गर्नेछ र यो पद्धतिलाई संस्थागत रूपमा अगाडि बढाउन सहयोग पुऱ्याउनेछ। साथै, आन्तरिक रूपमा शिक्षा प्राप्त गर्ने कार्यक्रमहरूको विकास गर्नसमेत प्राथमिकता दिइनु पर्नेछ, जसले नेपालभित्रै दक्ष जनशक्ति उत्पादनमा योगदान पुऱ्याउन सक्छ।

हालसम्म अकुपञ्चर अभ्यासलाई कानुनी रूपमा मान्यता दिने कुनै विशेष ऐन वा नियमावलीको अभावले यस पद्धतिका गुणस्तर र पारदर्शितामा विभिन्न चुनौती देखापरेका छन्। कानुनी संरचनाको अभावले गर्दा अकुपञ्चर सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाहरूको प्रमाणीकरण, योग्यता मापदण्ड र सेवाको गुणस्तर सुनिश्चित गर्न समस्या परेको छ। कानुनी आधारविना, यो पद्धतिको दुरुपयोगको सम्भावना रहन्छ, जसले सेवाग्राहीहरूलाई ठगी र त्रुटिपूर्ण उपचारको जोखिममा पार्न सक्दछ।

अकुपञ्चरलाई चिकित्सा सेवाका रूपमा कानुनी मान्यता दिनु अत्यावश्यक भइसकेको छ। कानुनी संरचनाले मात्र अकुपञ्चरको औपचारिकता र विश्वसनीयता सुनिश्चित गर्न सक्छ। यसले अभ्यास गर्ने विशेषज्ञहरूको योग्यता, दर्ता र लाइसेन्सिङ प्रक्रियालाई पारदर्शी र सङ्गठित बनाउँछ, जसले अकुपञ्चर सेवाको गुणस्तर बढाउन र सर्वसाधारणमा यसको लोकप्रियता फैलाउन सहयोग पुऱ्याउनेछ।

स्वास्थ्य मन्त्रालयले आयुर्वेद, होमियोप्याथी र अन्य वैकल्पिक चिकित्सा विधिहरूसँगै अकुपञ्चरलाई पनि समान तहमा राखेर नीतिगत सुधार गर्नुपर्ने देखिन्छ। यसका लागि एकीकृत शिक्षा, अभ्यास, र अनुसन्धानको संरचना तयार पार्न जरुरी छ। अकुपञ्चरलाई वैकल्पिक चिकित्सा प्रणालीमा आधिकारिक रूपमा समावेश गरिएमा यस विधिको अनुसन्धानलाई प्रोत्साहन दिने, विशेषज्ञहरूको प्रशिक्षणलाई सुव्यवस्थित गर्ने र जनमानसलाई गुणस्तरीय सेवा उपलब्ध गराउने अवसर मिल्नेछ।

अकुपञ्चरप्रति सर्वसाधारणमा अझै पनि केही हदसम्म गलत धारणाहरू देखिन्छन्। धेरैजसोले यसलाई केवल परम्परागत वा धार्मिक उपचारका रूपमा मात्र हेर्ने गरेका छन्। यसले गर्दा यसको वास्तविक विज्ञानमा आधारित पक्ष र प्रमाणित प्रभावकारितालाई नजरअन्दाज गरिएको छ। कतिपय मानिसहरू अकुपञ्चरलाई वैज्ञानिक रूपमा प्रमाणित नभएको र वैकल्पिक उपचारका रूपमा मात्र लिने प्रवृत्ति देखिन्छ तर पछिल्ला वर्षहरूमा विश्वभरिका अध्ययनहरूले अकुपञ्चरको वैज्ञानिक आधार पुष्टि गर्दै आएका छन्, विशेष गरी पीडा व्यवस्थापन, तनाव निवारण र अन्य स्वास्थ्य समस्याहरूमा यसको सकारात्मक प्रभाव प्रमाणित भएको छ।

जनचेतना अभावका कारण यस्तो गलत धारणा अझै कायम छ। यसलाई सुधार गर्नका लागि व्यापक जनचेतना कार्यक्रमहरू आवश्यक छ। यसले अकुपञ्चरको वैज्ञानिक आधार र यसको प्रभावकारितालाई सर्वसाधारण समक्ष पुऱ्याउन सक्दछ। प्रचार-प्रसार र सही जानकारीको अभावमा यो चिकित्सा पद्धतिको वास्तविक फाइदा बुझ्न नसक्ने अवस्था रहेको छ।

स्थानीय स्तरमा समेत अकुपञ्चर सेवा प्रदायकहरूलाई सही तालिम दिनु अत्यन्त महत्वपूर्ण छ। तालिमप्राप्त विशेषज्ञहरूमार्फत मात्र गुणस्तरीय सेवा प्रदान गरिनुपर्छ भन्ने धारणा स्थापित गर्नुपर्छ। तालिम र प्रमाणीकरण बिना सेवा प्रदान गर्ने व्यक्तिहरूको कारणले बिरामीहरूले गलत सेवा प्राप्त गर्ने जोखिम हुन्छ। योग्यतावान् विशेषज्ञहरूले मात्र यो सेवा दिनुपर्ने बाध्यता राखेर सेवाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसले अकुपञ्चरलाई व्यापक रूपमा फैलाउन र सर्वसाधारणमा यसको सही जानकारी पुऱ्याउन सहयोग पुग्नेछ।

**भविष्यको सम्भावना र आवश्यक सुधारहरू**

नेपालमा अकुपञ्चरको भविष्य वास्तवमै उज्ज्वल देखिन्छ, किनकि यो प्राकृतिक र वैकल्पिक चिकित्सा विधिका रूपमा जनस्तरमा स्वीकृति पाउँदैछ। दीर्घकालीन स्वास्थ्य समस्याहरूको रोकथाम, उपचार र पुनःस्थापनामा अकुपञ्चरको भूमिका महत्वपूर्ण बन्न सक्छ। यसको प्रभावकारितालाई बुझ्दै, नीतिगत सुधार र संस्थागत

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# आउँदो तीन महिनाको हावापानी आकलन : पाँच प्रदेशमा सरदरभन्दा बढी वर्षा हुने

काठमाडौँ, २२ असोज (रासस)।

जल तथा मौसम विज्ञान विभागले यही असोज १५ देखि पुस १६ गतेसम्म (अक्टोबरदेखि डिसेम्बर २०२४)को अवधिको हावापानी आकलन सार्वजनिक गरेको छ।

विभागले सोमबार सार्वजनिक गरेको आकलनअनुसार कोशी, मधेस, बागमती, गण्डकी प्रदेशका दक्षिण-पूर्वी भूभाग र लुम्बिनी प्रदेशका पूर्वी भागमा सरदरभन्दा बढी वर्षा हुने अनुमान गरेको छ। कर्णाली प्रदेशका मध्य तथा उत्तरी भाग र सुदुरपश्चिम प्रदेशका उत्तरी भागमा सरदरभन्दा कम वर्षा हुने र देशका बाँकी भागमा सरदर वर्षा हुने सम्भावना रहेको छ।

अधिकतम तापक्रम देशका अधिकांश भू-भागमा सरदरभन्दा बढी हुने र न्यूनतम तापक्रम पनि देशभर सरदरभन्दा बढी हुने सम्भावना रहेको आकलन सार्वजनिक गरिएको बिभागकी सूचना अधिकारी एवं मौसमविद् विभूति पोखरेलले जानकारी दिनुभयो।

**वर्षाको आकलन**

कोशी, मधेश, बागमती, गण्डकी प्रदेशका दक्षिण-पूर्वी भाग र लुम्बिनी प्रदेशका पूर्वी भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको जनाइएको छ।

कोशी प्रदेशको उत्तरी भाग, मधेश प्रदेशको पश्चिमी भाग र बागमती प्रदेशको पूर्वी तथा दक्षिणी भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ प्रतिशतदेखि ५५ प्रतिशत छभने कोशी प्रदेशको दक्षिणी भू-भाग, मधेस प्रदेशको पश्चिमी भाग, बागमती प्रदेशको उत्तर-पश्चिम भाग र गण्डकी प्रदेशको दक्षिण-पूर्वी भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ प्रतिशतदेखि ४५ प्रतिशत रहेको छ।

त्यसैगरी कर्णाली प्रदेशका मध्य तथा उत्तरी भाग र सुदूरपश्चिम प्रदेशका उत्तरी भागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत र देशका बाँकी भागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत नै रहेको विवरणमा उल्लेख छ।

**अधिकतम तथा न्यूनतम तापक्रम**

यस्तै देशका अधिकांश स्थानमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना छ। बागमती प्रदेशको मध्य तथा दक्षिणी भाग, मधेस प्रदेशको पश्चिमी भाग, गण्डकी प्रदेशको मध्य तथा पश्चिमी भाग, लुम्बिनी प्रदेशका मध्य तथा पूर्वी भाग र कर्णाली प्रदेशको पूर्वी तथा उत्तरी भागमा अधिकतम तापक्रमा सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ।

कोशी प्रदेशका मध्य भाग, मधेस प्रदेशका पूर्वी भाग र बागमती प्रदेशका उत्तरी भागमा अधिकतम तापक्रम सरदर हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छभने बाँकी भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ।

न्यूनतम तापक्रम देशभर सरदरभन्दा बढी हुने सम्भावना छ। सुदूरपश्चिम, कर्णाली प्रदेशका पश्चिमी भाग र लुम्बिनी प्रदेशका पश्चिमी भागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ।

त्यसैगरी कर्णाली प्रदेशका पूर्वी भू-भाग, लुम्बिनी प्रदेशका मध्य भाग, गण्डकी प्रदेशका मध्य तथा उत्तरी भाग, बागमती प्रदेशको अधिकांश भाग, मधेस प्रदेशका पूर्वी भाग र कोशी प्रदेशमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छभने बाँकी भू-भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जानकारी गराएको छ।

# क्षतिग्रस्त सडक सञ्चालन अभियानमा सेना

काठमाडौँ, २२ असोज (रासस)।

नेपाली सेनाले क्षतिग्रस्त सडक मर्मत गरी पुन: सञ्चालन गर्ने अभियान थालेको छ।

यही असोज दोस्रो साता परेको अविरल वर्षासँगैको विपद्‌बाट क्षतिग्रस्त राजमार्ग, रणनीतिक महत्वको पक्की पुल र ग्रामीण सडक मर्मत गर्न छ हजार सकल दर्जा खटिइरहेको नेपाली सेनाका प्रवक्ता सहायक रथी गौरबकुमार केसीले बताउनुभयो।

जल तथा मौसम विज्ञान विभागको अनुमानसँगै सेनाले १४ हजार जनशक्ति विपद् प्रतिकार्यमा खटाउन तयार गरेको थियो। विपद् प्रभावित जिल्लाहरू काठमाडौँ, ललितपुर र भक्तपुरसँगै काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, मकवानपुर, सिन्धुली, रामेछाप र पाँचथरमा तत्काल खोज तथा उद्धारमा जुटेको उहाँले जानकारी दिनुभयो।

बिपी राजमार्ग, अरनिको राजमार्ग, मध्यपहाडी लोकमार्ग, त्रिभुवन राजपथ र पृथ्वी राजमार्गलगायत राजमार्ग तथा ग्रामीण सडक, दुई जिल्ला जोड्ने पक्की पुल निर्माण गरी यातायात सञ्चालन गर्न सेनाका प्राविधिकसहितका जनशक्ति खटिएका छन्।

"मुख्य जिम्मेवारीका रूपमा खुर्कोटस्थित सुनकोसी नदीमा 'बेलीब्रिज' राख्ने तथा रोशी खोला करिडोरअन्तर्गत बिपी राजमार्गको ठाउँठाउँमा क्षतिग्रस्त सडकको विस्तृत अध्ययनका लागि सेनाका प्राविधिकले सडक विभागको टोलीलाई सहयोग पुऱ्याएको छ", सहायक रथी केसीले भन्नुभयो। सेनाकै पहलमा कान्ति राजपथका पहिरो पन्छाएर सोमबार साँझदेखि यातायात सञ्चालनमा आइसकेको छ।

"पहिलो चरणमा खोज, उद्धार र राहतका काम सम्पन्न भएसँगै प्राथमिकता निर्धारण गरी पुन:निर्माण र पुन:स्थापनामा सङ्गठनले जनशक्ति खटाइरहेको छ", प्रवक्ता केसीले भन्नुभयो।

सेनाभित्र विपद् व्यवस्थापनका लागि सहायक रथीको नेतृत्वमा विपद् व्यवस्थापन निर्देशनालय र मातहत काठमाडौँको सुन्दरीजल र चितवनमा गरी दुई वटा गण कियाशील छन्।

यसवर्षको बाढीपहिरोबाट भएको क्षति र प्रतिकार्यमा देखिएका कमिकमजोरीबाट पाठ सिक्दै विपद् पूर्वतयारी र प्रतिकार्यलाई थप प्रभावकारी तुल्याउन नयाँ रणनीति आवश्यक रहेको सरोकारवालाको भनाइ छ।

### *नेपालमा अकुपञ्चरको ...*

संरचना विकास गर्नु अत्यावश्यक छ। नेपालमा अकुपञ्चरको अभ्यासलाई कानुनी मान्यता दिएर, शिक्षा र प्रशिक्षणको मापदण्ड विकास गर्दै योग्य विशेषज्ञहरू उत्पादन गर्न स्वास्थ्य मन्त्रालय, चिकित्सा संस्थाहरू र विशेषज्ञहरूबीच सहकार्य आवश्यक छ।

जनचेतनामा सुधार ल्याउनु र सही जानकारी सम्प्रेषण गर्नु महत्वपूर्ण छ, ताकि अकुपञ्चरको वैज्ञानिक पक्ष र चिकित्सकीय लाभ सर्वसाधारणले बुझ्न सकून्। सरकारी र निजी क्षेत्रले ग्रामीण र दुर्गम क्षेत्रहरूमा पनि यो सेवा विस्तार गर्न पहल लिनुपर्छ, जसले गर्दा सहरी र ग्रामीण सबै क्षेत्रका जनताले एकैसमान सेवा पाउन सकून्। यसले अकुपञ्चरको पहुँच बढाउनाका साथै यस पद्धतिको स्थायित्व र लोकप्रियतामा सहयोग पुग्नेछ। (लेखक ब्लू लोटस हेल्थ होममा कार्यरत हुनुहुन्छ)

### *सबल नेपालद्वारा ...*

क्षेत्रहरु बाल संरक्षण, बानि व्यवहार परिवर्तन, सामाजिक सुरक्षा तथा खानेपानी सरसफाइ तथा स्वच्छता (वास) अर्न्तगत विभिन्न कार्यक्रमहरु तथा सहयोग गरिएको सबल नेपालका विपद फोकल पर्सन परमेश्वर झाले जानकारी दिएका छन्। वास अर्न्तगत चार वटै पालिकाको १ हजार ८ सय प्रभावित घर परिवारलाई हाईजिन किट, १० लिटरको बाल्टिन, मग, पानी शुद्धिकरण गर्नका लागि अक्वाटयाव तथा झुल वितरण गरिएको छ। योसँगै बाढी प्रभावित क्षेत्रहरुमा स्वयंसेवकहरु परिचालन गरी स्वच्छता पर्वद्धन गरिएको छ जस अर्न्तगत स्वयंसेवकहरुले विपदको समयमा पानी शुद्धिकरण गर्ने तरिका, साबुन पानिले हातधुने, चर्पीको प्रयोग, व्यक्तिगत सरसफाइलगायतका विषयमा अर्न्तक्रिया, घरदैलौ लगायतका जनचेतनामुलक क्रियाकलापहरु समेत संचालन गरिएको छ।

बाल संरक्षण अर्न्तगत चार वटै पालिकाको प्रभावित क्षेत्रहरुमा मनोपरामश कार्यक्रम संचालन भइरहेको छ। यसका लागि स्थानीय स्तरमा मनोसामाजिक कार्यकर्ता तथा मनोसामाजिक परामर्शदातालाई परिचालन गरी बालबालिका तथा महिलाहरुलाई आवश्यक मनोसामाजिक सहयोग पुऱ्याईरहेको सबल नेपालले जनाएको छ।

बाढी प्रभावित क्षेत्रमा विपदका कारण बालबालिकामा डर उत्पन्न हुन नदिन उनीहरुलाई आफ्ना भावनाहरु व्यक्त गर्न र सामना गर्न मद्दत पुर्याउनु तथा उनीहरुलाई पुन सामान्य जीवन शैलीमा फर्कन मद्दत गर्नु यसको मुख्य उद्देश्य रहेको सबल नेपालका निर्देशक दिपक झाले बताए।

सामाजिक व्यवहार परिवर्तन अर्न्तगत चार वटै प्रभावित पालिकाहरुमा विभिन्न माध्यमबाट जीवन रक्षाका सन्देशहरु प्रवाह गरिनुका साथै स्थानीय एफएमहरुबाट नेपाली तथा मैथिली भाषामा शौचालयको प्रयोग, साबुन पानीले हातधुने, सुरक्षित पानीको प्रयोग, संक्रामक रोगहरुबाट बच्ने, विपदको समयमा बाल संरक्षण तथा सर्प, किरा आदि विषालु जिवजन्तुबाट बच्ने उपायबारे नियमित प्रसारण भईरहेको उनको भनाई छ।

यस्तै स्थानीय स्तरमा रिक्सामार्फत जिवन रक्षाको सन्देशहरु विभिन्न सामुदायहरुमा प्रवाह, स्वयंसेवकहरुको परिचालन गरी घरदैलौ लगायतका क्रियाकलापहरु संचालन, विपदको समयमा थप जोखिम हुन नदिनु तथा स्थानीयहरुलाई सचेत गराई उनीहरुको बानी व्यवहारमा परिवर्तन गराउनु यसको मुख्य उद्देश्य रहेको छ।

सामाजिक सुरक्षा अर्न्तगत कंचनरुप नगरपालिका तथा तिलाठि कोईलाडि गाँउपालिकाका प्रभावितहरु मध्ये अतिविपन्न, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लगायतकालाई पालिकामार्फत नगद सहयोग गर्ने मुख्य उद्देश्य रहेको छ।

### *प्रहरीद्वारा विद्यार्थीलाई ...*

समय यूवाहरुमा बढ्दो लागु औषध सेवनले आपराधिक घटना बढ्दै गएको भन्दै उनीहरुलाई सचेत गराउने र यस्ता कुलतबाट जोगाउन विद्यालयहरुमा प्रशिक्षण कार्यक्रम थालिएको बताए।

कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रतीले विद्यार्थीहरु मार्फत यो कार्यक्रमलाई समाजमा लैजादा घरपरिवार र समाजमा सन्देश लैजान सहज हुने भन्दै सहभागि विद्यार्थीहरुलाई लागु औषध प्रयोग नगर्न र यसबाट हुने हानी नोक्सानी बारे अरुलाई पनि सम्झाउन अनुरोध गरेका थिए।

### *अन्य व्यक्तिसँगै ...*

प्रशासनले जनाएको छ।

कारागारमा दम, श्वासप्रश्वास, प्यारालाइसिस, उच्च रक्तचाप, मधुमेह लगायतका रोगले पीडित कैदीबन्दीको संख्या ठूलै रहेपनि स्वास्थ्यकर्मी नहुँदा समस्या हुने गरेको उनले सुनाए। कारागारमा एकजना स्वास्थ्यकर्मीको दरबन्दी छ। त्यो पनि पदपूर्ती हुन सकेको छैन् उनले बताए।

कारागारमा रहेका कैदीबन्दी अहिले सम्मकै उच्च संख्या भएको उनले जानकारी दिए। क्षमता भन्दा अत्याधिक कैदीबन्दी राख्दा समस्या भएपछि संख्या घटाउन अन्यत्रको कारागारमा सरुवाको प्रयास गरेपनि घरपायकको मोहका कारण कैदीबन्दी अन्यत्रको कारागारमा जान नमानेको उनको कथन छ। क्षमता भन्दा चौब्बर कैदीबन्दी भएपछि शौच र नुहाउनेदेखी खाना पकाउन र खान पनि लाइन लाग्ने गरेको उनले सुनाए।

## विश्व समाचार

# 'निश्चय नै' मैले मेरो ग्लक चलाएको छु : ह्यारिस

वासिङ्टन, २२ असोज (रासस/एएफपी)।

राष्ट्रपति पदका डेमोक्रेटिक उम्मेदवार कमला ह्यारिसले सोमबार प्रसारित एक अन्तरवार्तामा उहाँसँग ग्लक अर्ध-स्चालित पेस्तोल रहेको खुलासा गर्नुभएको छ। 'निश्चय नै' उहाँले यसलाई सुटिङ रेन्जमा चलाएको बताउनुभयो।

अमेरिकी उपराष्ट्रपतिको हतियार रोजाइबारे अटकलबाजी चलिरहँदा उहाँले हालै टेलिभिजन स्टार ओप्रा विन्फ्रेलाई आफूसँग बन्दुक रहेको र आफ्नो घरमा कोही चोर पसेमा गोली हान्ने बताउनुभएको थियो।

"मसँग एउटा ग्लक धेरै समयदेखि छ", प्राइमटाइम सिबिएस सो ६० मिनेटमा अन्तरवार्ता दिनेक्रममा कस्तो किसिमको बन्दुक छ भनेर सोधिएको प्रश्नमा पूर्वअभियोजक एवं क्यालिफोर्नियाकी पूर्वमहानायाधिवक्ता ह्यारिसले भन्नुभयो, "मेरो पृष्ठभूमि कानून प्रवर्तनमा छ र त्यसैले त्यहाँ तपाईंको जवाफ छ।"

अन्तरवार्ताकार बिल ह्विटाकरले त्यसपछि उहाँलाई कहिल्यै ग्लक चलाउनुभएको छ भनेर सोध्नुभयो। उहाँले हाँस्दै जवाफ दिनुभयो, "निश्चय नै मैले सुटिङ रेन्जमा चलाएको छु।"

अस्ट्रियाली निर्माता ग्लकले अमेरिकाको सबैभन्दा बढी बिक्री हुने ह्यान्डगनहरूमध्ये एक बनाउँछ। प्रहरीले व्यापक रूपमा प्रयोग गर्ने ग्लकले आफ्नो उपस्थितिका कारण चलचित्र र हिप-हप संस्कृतिमा लोकप्रियता पाएको छ।

ह्यारिसको डेमोक्रेटिक पार्टीले नियमित रूपमा सशस्त्र अपराध र ठूलो मात्रामा गोलीकाण्डले प्रभावित अमेरिकामा बन्दुकको पहुँच कटौती गर्ने कुरामा जोड दिइरहेका बेला अहिलेसम्म ह्यारिसले आफूसँग बन्दुक रहेको कुरा बिरलै उल्लेख गर्नुभएको थियो।

यद्यपि रिपब्लिकन उम्मेदवार डोनाल्ड ट्रम्पसँगको कडा निर्वाचनमा ५९ वर्षीया डेमोक्रेट ह्यारिसले आफ्नो बन्दुकधारकको योग्यता देखाउन थाल्नुभएको छ।

ह्यारिसले अमेरिकी संविधानको दोस्रो संशोधनको उल्लङ्घन गर्दै अमेरिकीहरूको बन्दुक जफत गर्न चाहनुभएको ट्रम्पले बारम्बार दाबी गर्दै आउनुभएको छ। गत महिना भएको उहाँहरूबीचको एउटा मात्र टेलिभिजन बहसमा पनि ट्रम्पले यो कुरा दोहोऱ्याउनुभएको थियो।

आफू र आफ्नो उपराष्ट्रपति उम्मेदवार टिम वाल्ज दुवै बन्दुकधारक रहेको उल्लेख गर्दै ह्यारिसले उक्त आरोपलाई जोडदार रूपमा अस्वीकार गर्नुभयो। "म बन्दुक मालिक हूँ", उहाँले सेप्टेम्बरमा विन्फ्रेसँग हाँस्दै भन्नुभयो, "यदि कोही मेरो घरमा प्रवेश गर्छ भने उसलाई गोली लाग्नेछ।"

आप्रवासन र अर्थतन्त्र जस्ता संवेदनशील विषयहरूमा सावधानीपूर्वक कठिन प्रश्नहरूको सामना गर्नुहुने ह्यारिसको अन्तरवार्तामा ग्लक खुलासा सबैभन्दा आकर्षक विषय थियो।

# आफ्नो पूर्वाधारमा आक्रमण नगर्न इजरायललाई इरानको चेतावनी

तेहरान, २२ असोज (रासस/एएफपी)।

इरानले मङ्गलबार गत साता इरानको क्षेप्यास्त्र प्रहारपछि तेल वा आणविक केन्द्रहरूमा सम्भावित इजरायली आक्रमणको आशङ्काबीच इजरायललाई आफ्ना कुनै पनि पूर्वाध सरमा आक्रमण नगर्न चेतावनी दिएको छ।

"इरानमा कुनै पनि पूर्वाधारमाथि आक्रमण भए यसले अझ बलियो प्रतिक्रिया निम्त्याउनेछ", सरकारी टेलिभिजनले विदेशमन्त्री अब्बास अराघचीलाई उद्धृत गर्दै भनेको छ। इजरायलले आफ्नो प्रमुख शत्रुमाथि अक्टोबर १ मा गरेको क्षेप्यास्त्र आक्रमणको जवाफ तयार गरिरहेको बताएपछि अराघचीले त्यस्तो चेतावनी दिनुभएको हो। इरानले पछिल्लो छ महिनामा इजरायलमाथि गरेको यो दोस्रो आक्रमण थियो।

सोमबार एउटा आधिकारिक बयानमा अराघचीलाई उद्धृत गर्दै इरानले क्षेत्रमा युद्ध नचाहेको बताएको थियो। अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार इजरायललाई इरानका तेल प्रतिष्ठानहरूमा आक्रमण नगर्न सावधान गराउनुभएको थियो। इरान विश्वका शीर्ष १० कच्चा तेल उत्पादकमध्ये एक हो।

इस्लामिक रिभोल्युसनरी गार्ड कर्प्सका जनरल रसुल सनाइरदले आइतबार इजरायललाई आणविक वा ऊर्जा केन्द्रहरूमाथि हुने कुनै पनि आक्रमणले 'चेतावनी स्तर' पार गर्ने चेतावनी दिनुभएको थियो।

फार्स समाचार एजेन्सीले इजरायलको धम्कीपछि सनाइरदलाई उद्धृत गर्दै भनेको छ, "केही राजनीतिक नेताहरूले इरानको आणविक नीतिमा सम्भावित परिवर्तनको कुरा गरेका छन्।"

सन् २०२२ मा एक अधिकारीले इरानसँग आणविक हतियार उत्पादन गर्ने प्राविधिक क्षमता रहेको बताएपछि इरानले आफ्नो आणविक महत्त्वाकांक्षामा कुनै परिवर्तन नभएको कुरामा जोड दिएको थियो गत वर्ष इरानले युरेनियम संवर्धनको गति कम गरे पनि त्यसपछि सन् २०२३ को अन्त्यतिर अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका अनुसार ६० प्रतिशत संवर्धित युरेनियमको उत्पादनलाई तीव्र बनाएको थियो। सैन्य प्रयोगका लागि करिब ९० प्रतिशत संवर्धन स्तर आवश्यक पर्दछ।

इरानले आणवक हतियार क्षमता विकास गर्ने कुनै महत्त्वकांक्षा राखेको कुरालाई सधैँ अस्वीकार गर्दै आएको छ र आफ्ना गतिविधिहरू पूर्ण रूपमा शान्तिपूर्ण रहेको कुरामा जोड दिँदै आएको छ। इरानी आणविक केन्द्रहरूमा हुने कुनै पनि आक्रमणले 'इरानको प्रतिक्रियाको प्रकारमा प्रभाव पार्ने' जनरल सनाइरदले बताउनुभयो।

तेहरानले इजरायलमाथि गरेको आक्रमणमा करिब दुई सय क्षेप्यास्त्र प्रहार गरिएको बताएको छ। बेरुतमा भएको हवाईआक्रमणमा इरान समर्थित लेबनानी आन्दोलन हिजबुल्लाहका नेता हसन नसरल्लाह र तेहरानमा हमासका राजनीतिक नेता इस्माइल हानियाको मृत्युको जवाफमा उक्त आक्रमण गरेको इरानले बताएको थियो।

# वेवारिसे मोटरसाइकल र साडी बरामद



**दैनिक समाचारदाता**
**राजबिराज, २२ असोज ।**
प्रहरीले वेबारिसे अवस्थामा रहेको मोटरसाइकल र त्यसमा लोड गरि राखेको सुती साडी बरामद गरेको छ ।

राजबिराज नगरपालिका वडा नं. ७ सखडा मोड सडकस्थित जिल्ला प्रहरी कार्यालयबाट खटेको गस्ति टोलीले मधेश प्रदेश ०६-००१ प १९३४ नम्बरको सुपर स्पेलेण्डर मोटरसाईकलमा लोड गरी राखेको सुती साडी २८ थान मंगलबार दिउँसो बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार बेबारिसे अवस्थामा रहेको मोटरसाइकल र कपडा बारेमा स्थानियसँग सोधपुछ गर्दा कसैले दाबी नगरेकोले उक्त समान नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि भन्सार कार्यालय राजबिराजमा बुझाईएको छ ।

# क्षतिको मूल्याङ्कन गरी स्थानीय तहमा बजेट दिइने

काठमाडौं, २२ असोज (रासस) ।
सरकारले बाढीपहिरोबाट स्थानीय तहहरूमा भएको क्षतिको मूल्याङ्कन गरी आवश्यकताअनुसार बजेट उपलब्ध गराउने भएको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सोमबारको मन्त्रिपरिष्‌दको बैठकका निर्णय मंगलबार सार्वजनिक गर्दै भन्नुभयो, “कतै धेरै क्षति भएको छभने कतै थोरै । क्षतिको मूल्याङ्कन गरेर सम्बन्धित स्थानीय तहमा बजेट पठाउन सरकारले गृहकार्य गरिरहेको छ ।”

मन्त्री गुरुङले सङ्कटग्रस्त ४९ स्थानीय तहको सङ्ख्या बढ्नसक्ने जानकारी दिँदै क्षतिको पूर्ण विवरण गृह मन्त्रालयले केही दिनमै सरकारलाई उपलब्ध गराउने बताउनुभयो ।

मन्त्रिपरिषद्‌को निर्णयअनुसार थाइल्यान्डको बैङ्ककमा आगामी कात्तिक ६ देखि ८ गतेसम्म आयोजना हुने ‘ट्रान्सफर्मिङ केयर: बिल्डिङ अलाइन्स, इम्पावरिङ वुमन, रिसेपिङ इकोनोमिक्स’ कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य गीताकुमारी पौड्याल अधिकारीलाई सहभागी हुन स्वीकृत प्रदान गरिएको छ ।

मन्त्रिपरिषद्‌ले चालु आर्थिक बर्षका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत बिभिन्न आयोजनाका लागि दुई सय ६६ राजपत्राङ्कित पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ । आगामी कात्तिक १ देखि ३ गतेसम्म रसियामा आयोजना हुने ‘एक्स एक्स आइआई इन्टरनेसनल स्पोर्टस फोरम रसिया-कन्ट्री अफ स्पोर्टस’ कार्यक्रममा युवा तथा खेलकुदमन्त्री सहभागी हुने र आरोहणका लागि थप ५७ वटा हिमाल खुला गर्न स्वीकृत दिने निर्णय मन्त्रिपरिषद्‌ले गरेको छ ।

हुलाक सेवा बिभाग र अन्तर्गतका निकायहरूको सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्ने, दूरसञ्चार (दशौँ संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने, २०८१ कात्तिक १९ देखि २३ गतेसम्म इजिप्टको कायरोमा आयोजना हुने ‘वर्ल्ड अर्बान फोरम-१२’ सम्मेलनमा उपप्रधानमन्त्री एवं सहरी बिकासमन्त्री सहभागी हुन अनुमति दिने निर्णय मन्त्रिपरिषद्‌ले गरेको छ ।

यसैगरी यही असोज २७ मा जर्मनीको बर्लिनमा हुने ‘कम्युनिटी हेल्थ डेलिभरी पार्टनरशिप इभेन्ट ड्युरिङ द वर्ल्ड हेल्थ समिट-२०२४’मा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रीलाई सहभागी हुन अनुमति दिने, शेयर तथा ऋण लगानी नीति, २०८१ र बीउबिजन नियमावली, २०८१ स्वीकृत गर्ने निर्णय भएको छ ।

# दसैंमा पनि मानव अधिकार आयोग खुला रहने

काठमाडौं, २२ असोज (रासस) ।
राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरू दसैं अवधिमा पनि बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म खुला रहने आयोगले जनाएको छ ।

आयोगले आम नागरिकको मानव अधिकार संरक्षणलाई ध्यानमा राखी विगतमाझैँ यस वर्ष पनि बिदाका दिनमा कार्यालय खुला राख्ने आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले जानकारी दिनुभयो ।

आयोगले यस अवधिमा मानव अधिकार उल्लङ्घन र ज्यादतिका घटनामा उजुरी लिने तथा आवश्यकताअनुसार गम्भीर प्रकृतिका घटनामा आकस्मिक अनुगमनसमेत गर्ने जनाएको छ ।


हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भुपेन्द्र प्रसाद यादव
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी

हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्धेश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*